क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः ९२, २०८२ भदौ २९ गते आइतबार (14 Sep., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका दैनिक

## मलाई बधाई होइन, कार्यको मूल्यांकन होस्: प्रधानमन्त्री कार्की

**-पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २८ भदौ**

नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले आफूलाई अहिले बधाइ नदिन आग्रह गरेकी छन्।

अहिले निकै अप्रिय अवस्थाबाट आफू प्रधानमन्त्रीको जिम्मेवारीमा पुगेकाले आफ्नो कार्यकाल सकिएपछि मात्र मूल्यांकन गरिदिन उनको अनुरोध छ।

उनले शनिबार काठमाडौँका विभिन्न अस्पतालमा रहेका जेनजी आन्दोलनका घाइतेहरुलाई भेटेकी थिइन्। राष्ट्रिय ट्रमा सेन्टर हुँदै निजामती कर्मचारी अस्पताल र अन्य घाइते रहेका अस्पतालका शय्यामै पुगेर उनले घाइतेहरुको अवस्थाबारे जानकारी लिइन्। शान्त्वना दिइन्। भएको क्षतिप्रति दुःख व्यक्त गरिन्। अनि जेनजी आन्दोलनका लागि ज्यानको बलिदानी दिन मैदानमा उत्रिएका प्रत्येक युवाको भावनाभन्दा बाहिर नजाने वाचा गरिन्।

घाइतेहरुले कार्कीलाई पहिलो महिला प्रधानमन्त्री भएर जसरी इतिहासमा नाम लिएको छ, त्यसै गरी जेनजीको भावनाअनुसार काम गरी अर्को इतिहास रच्न शुभकामना दिए।

'आन्दोलनले जुन जिम्मेवारी र म्यान्डेट दिएको छ, त्यो पूरा गरेर इतिहासमा स्वर्णिम अक्षरले नाम लेखिने गरी काम गर्न सफलता मिलोस्, हाम्रो शुभकामना छ,' ट्रमा सेन्टरको शय्याबाट एक जना घाइतेले भने। जवाफमा प्रधानमन्त्री कार्कीले भनिन्, 'अहिले मलाई कसैले बधाइ नभनोस्। मेरो कार्यकाल सकिएको भोलिपल्ट मात्र कामका आधारमा मूल्यांकन होस्।'

घाइतेले भने, 'तीन करोड नेपालीको आमा र अभिभावकका रुपमा काम गर्नुहोला।'

कार्कीले भनिन्, 'तपाईं पनि मेरो छोरा हो। अस्पतालपछि उनी प्रदर्शनकारीले ध्वस्त पारेका प्रहरी कार्यालय र घाइते प्रहरीलाई भेट्न प्रहरी अस्पताल पुगेकी थिइन्। कार्की शुक्रबार मात्र प्रधानमन्त्रीमा नियुक्त भएकी हुन्। उनी बिहीबार रातभरि शीतलनिवासमा वार्तामा बसेकी थिइन्। शुक्रबार पनि दिनभरको रस्साकस्सीपछि राति ९ बजे नियुक्ति भएको थियो। शपथ र अरु केही औपचारिकता पूरा गर्दासम्म १० बजिसकेको थियो।




शीतलनिवासमै उनले संसद विघटनको सिफारिस गरिन् र राष्ट्रपतिले सदर गरे। राति सवा १० बजेतिर उनी बालुवाटारको प्रधानमन्त्री निवास पुगिन्। उनी त्यहीबेला घाइतेहरुलाई भेट्न जान चाहन्थिन्। तर, धेरैतिर जाँदा लामो समय लाग्ने र सुरक्षा संवेदनशीलता भएको भन्दै सुरक्षा संयन्त्रले उनलाई राति बाहिर निस्किन नहुने सुझाव दियो।

त्यसपछि मध्यरातसम्म उनले विभिन्न पक्षसँग परामर्श र सरकारले गर्नुपर्ने आगामी कामका बारेमा गृहकार्य गरिन्। निद्रा पुगेकै थिएन। शनिबार बिहानैबाट उनले केही कानुनी प्रक्रियाबारे गृहकार्य गर्न टिमलाई खटाइन्। मन्त्रिपरिषद् विस्तारको गृहकार्यलाई तत्काल थाती राखिन् र अस्पतालहरुमा घाइते भेट्न निस्किएकी हुन्।

## आजदेखि कञ्चनपुरमा कफ्र्यु हट्यो

**-पश्चिम नेपाल संवाददाता**
**कञ्चनपुर, २८ भदौ**

मंगलबार कञ्चनपुरमा जेनजी आन्दोलन उग्र हिन्सात्मक नियन्त्रण बाहिर गएपछि जिल्ला प्रशासन कार्यालय निषेधाज्ञा र कफ्र्यु जारी गरेको आदेश क्रमिक रुपमा हट्दै गएको छ। जिल्ला प्रशासनले एउटा पत्र जारी गर्दै निषेधाज्ञा र कफ्र्यु हटाउने जनाएको छ।

२४ भदौं बिहान ११ बजेदेखि जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले निषेधाज्ञा जारी गरेको थियो। सोही दिन राती १० बजेदेखि कफ्र्यु सहित नेपाली सेनाले देशभरको सुरक्षा जिम्मा लिएको थियो। पुर्व प्रधानन्यायाधिश शुशिला कार्की प्रधानमन्त्रीमा नियुक्तसंगै पछिल्लो राजनीतिक परिस्थित समान्य बन्दै गएपछि कञ्चनपुरमा कफ्र्यु हटाएको र २९ भदौं बिहान ५ बजेसम्म निषेधाज्ञा जारी रहेको जनाएको छ।

कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले मुलुकको अवस्था केही सुधारोन्मुख हुँदै गएपछि जिल्लामा पनि कफ्र्यु हटाएको र आइतबार बिहानदेखि निषेधाज्ञा पनि जारी हुने बताए। निषेधाज्ञा हटेसंगै पाँचदिनदेखि असहज भएको जनजिवन समान्यतर्फ उन्मुख भईरहेको छ। स्थानीय प्रशासन ऐन ०२८ को दफा ६(१), ६(३) र ६(क)अनुरुप अर्को सुचना जारी नहुँदासम्म कफ्यु र निषेधाज्ञा जारी गरिएको थियो। ६(क) अनुरुप कफ्यु आदेश हटाएको र ६(१र३)को आदेश शनिबार रातभर जारी रहने जनाएको छ। कञ्चनपुरमा २३ भदौंमा शान्तिपुर्ण भएको जेनजी आन्दोलन, २४ भदौं बिहान १० बजेदेखि उग्र बन्दै गएपछि जिल्ला सुरक्षा समितिले बिहान ११बजेदेखि लागु हुने गरेर कफ्र्यु आदेश जारी गरेको थियो।

यद्यपी देशभर जस्तै कञ्चनपुरमा पनि आन्दोलन नियन्त्रण बाहिर गएपछि निजीघर देखि सार्वजनिक सरकारी सरचना तोडफोड, आगजनी, लुटपाट भएको थियो।

कुखुरा तथा मानिसमा लाग्ने बर्ड फ्लु (Avian Influenza–H1N1)

रोग सम्बन्धि अत्यन्त जरुरी सूचना

छिमेकी राष्ट्र भारतका सिमावर्ती जिल्लाहरु उधमसिाह नगर र बागेश्वरमा उच्च संक्रमण जोखिम भएको बर्ड फ्लु रोग फैलिएको भन्ने भारतिय सञ्चार माध्यमबाट जानकारीमा आएकोले कञ्चनपुर जिल्लाका पन्छीपालक कृषकहरुले उच्च सतर्कता अपनाउनु हुन हार्दिक अनुरोध छ।

**बर्ड फ्लु रोगका लक्षणहरू:**

- अत्याधिक धेरै संख्यामा कुखुराहरु मर्ने।, - कुखुराको आँखा घाँटी वरिपरी सुन्निनु , - आँखा र नाकबाट पानी चुहिनु , - सिउर लोती र खुट्टा निलो हुनु।, - श्वासप्रश्वासमा समस्या घाँटी घ्यार घ्यार गर्नु।, - झोक्राउने दानापानी नखाने र अण्डा उत्पादन घट्ने।

माथि उल्लेखित लक्षणहरु देखा परेमा यथासिघ्र आफ्नो गाउँपालिका/नगरपालिकाको पशुपन्छी शाखामा वा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउनु हुन अनुरोध छ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कञ्चनपुर**

## उच्छृंखल गतिविधि भए खबर गर्न सेनाको आग्रह, यो हो हेल्पलाइन

नेपाली सेनाले उच्छृंखल गतिविधि भए खबर गर्न हेल्पलाइन नम्बर दिएको छ। देशका विभिन्न भागमा सार्वजनिक र निजी सम्पत्तिमाथि तोडफोड गर्नेहरूमाथि कारबाही गर्न सबै सुरक्षा निकाय र आन्दोलनरत समूहका साथ सेना अघि सरेको छ।

आफ्नो घर वरपर कुनै उच्छृंखल क्रियाकलाप भएमा तत्काल खबर गर्न सेनाले अनुरोध गरेको छ। जसका लागि नेपाली सेनाको हेल्पलाइन नम्बर ०१-५९७९००० नम्बर दिएको छ।

## कारागारबाट भागेका कैदीबन्दीको मृत्यु

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २८ भदौ**

२४ भदौं (मंगलबार) जेनजी आन्दोलन कञ्चनपुर कारागारभित्रै पसेपछि त्यहाँबाट ज्यान जोगाउन भागेका एक कैदीबन्दीको मृत्यु भएको छ। लागु औषध मुद्दाम कैदी सजाय काटिरहेका बेलडाँडी गाँउपालिका १ लक्ष्मी टोलका २७ बर्षिया पदम राज भट्टको मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता सागर बोहराले शनिबार भट्ट घरमै मृत फेला परेको बताए। 'कारागारबाट भागेका कैदीबन्दी मध्ये भट्ट घर ओछ्यानमै सुतेको अवस्थामा मृत भेटिएका रहेछन, 'प्रवक्ता बोहराले भने, 'घटनाको अनुसन्धान अघि बढाईसकेका छौं।'

प्रवक्ता बोहराका अनुसार अदालतले भट्टलाई लागु औषध मुद्दामा ५ बर्ष ६ महिना कैद सजाय तोकेको जस अनुरुप भट्ट ११ बैशाख ०८० देखि कैद भुक्तान गरिरहेका थिए।

जेलबाट भागेर घर पुगेका उनलाई घर परिवारले पुन कारागारमै बसेर राज्यको नियमको पालना गर्न भनेपनि निषेधाज्ञा, कफ्युका कारण पछि जान्छु भन्दै आएको जनाईएको छ। लागु औषध मुद्दामा कारागारमा कैद भुक्तान गरिरहेका भट्ट र उनका केही साथीहरुसंग झै झगडा भएका केहीलाई प्रहरीले सोधपुछका लागि ईप्रका बेलडाँडी लगेको प्रहरीले जनाएको छ। भट्टको मृत्यसंगै घर परिवार शोकाकुल भएका परिवारले मृत्युको कारण खोजेका छन। कञ्चनपुर कारागारमा कुल कैदीबन्दी मध्ये ३८ प्रतिशत कैदीबन्दी लागु औषध मुद्दाका थिए। कुल ४सय ७९ कैदीबन्दी २०मात्रै भागेका थिएनन। आफै आउनेदेखि पक्राउ गरेर ल्याउनेक्रम जारी रहेको कारागार प्रशासनले जनाएको छ।

## कञ्चनपुरका युवा लाईभमै आएर झुण्डिए

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २८ भदौ**

२४ मंगलबार जेनजी आन्दोलनले कञ्चनपुर रणभूमि बन्यो। पहिलो दिन शान्त रहेको आन्दोलन दोस्रो दिन जिल्लाका विभिन्न ठाँउ ठाँउमा आकासभरी धुवाको मुस्लो मात्रै देखियो।

व्यक्तिका घरदेखि सार्वजनिक सम्पत्ती लुटपाट, तोडफोड एव आगजनी जस्तो बिध्वङ हुँदा पनि मानविय तर्फ कुनै क्षति भएन। सुरक्षा निकाय सयमित भएपछि आन्दोलनकारी र राज्य तर्फ समान्य घाईते पनि भएनन, गम्भिर र मृत्युको त कुरै छाड्छौं।

तर, आन्दोलन तीनदिन पछि मानिस ज्यान गुमाउन थालेका छन। कञ्चनपुर कारागारबाट भागेका कैदीदेखि आन्दोलनमा सहभागि मानिसहरु मृत भेटिनुदेखि आत्महत्या गर्न लागेका छन। शनिबार बिहानै बेदकोट नगरपालिका ४ बैतडाका २८ बर्षिया युवक नरेश धानुकले घरमै झुण्डिएर आत्महत्या गरेका छन।

धानुकले फेसबुक लाईमै आएर आफ्नै कोठामा झुण्डिएको भिडियो समाजिक सञ्जालमा भाईरल भईरहेको छ। झुण्डिनु अघिदेखि झुण्डिदासम्मै फेसबुक लाईभमै आएर धानुकले आफुलाई काँग्रेस नेता एव बेदकोट ४ का वडा सदस्य अमर बोहराले जेनजी आन्दोलनमा गएको भन्दै कुटपिट गरेपछि मर्न बाध्य भएको बताएका छन।

बोहरा समुहले जेनजी आन्दोलनमा जान्छन, भन्दै टाउकोमा प्रहारदेखि नाङ्गै बनाएर कुटपिट गरेपछि आफुलाई कसैले साथ नदिएको भन्दै झुण्डिन बाध्य भएको बताएका हुन।

उनले आफुलाई कसैले पनि साथ नदिएको बताउँदै अन्तिममा गुडबाई, लाष्ट सर्ट भन्दै प्रण त्यागेका छन।

धानुकमाथि कसैले कुटपिट वा धाक धम्की दिएपनि सुरक्षाकर्मी, न्यायालय सहितका सरोकारवाला निकाय भएपनि आत्महत्या समस्याको समाधान नभएको भन्दै धारणा अभिव्यक्त गरिरहेका छन।

धानुकको प्राण त्याग्ने निर्णयसंगै घर परिवार आफन्त शोकाकुल भएका छन। कञ्चनपुर प्रहरी प्रवक्ता सागर बोहराले मृतक धानुकले नै लाईभ गरेको भिडियो विश्लेषण गर्दै घटना बारे अनुसन्धान भईरहेको जनाएका छन।

के तपाईलाई थाहा छ ?

**-हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि। -तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ। -पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracking गर्न सकिन्छ। -साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने।**

जिल्ला हुलाक कार्यालय कञ्चनपुर

सुदुरपश्चिम विश्वविद्यालय
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
डीनको कार्यालय

### स्नातक तहको प्रवेश परीक्षा र भर्ना सम्बन्धि सूचना।

मिति: २०८२/०४/२१

सुदूरपश्चिम विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातक तह तर्फ Bachelor of Arts (BA) र Bachelor of Computer Application (BCA) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/०८३ का लागि विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग र तोकिएका शैक्षिक कार्यक्रमको स्वीकृति प्राप्त विश्वविद्यालयका आंगिक क्याम्पसहरुमा नयाँ विद्यार्थी भर्नाका लागि निम्नानुसारको भर्ना कार्यक्रम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ।

| शैक्षिक कार्यक्रम | BA | BCA |
|---|---|---|
| प्रवेश परीक्षा फाराम वितरण | २०८२ श्रावण २१ गतेदेखि | २०८२ श्रावण २१ गतेदेखि |
| प्रवेश परीक्षा फाराम बुझाउने अन्तिम मिति | २०८२ भाद्र ३१ गतेसम्म | २०८२ भाद्र २७ गतेसम्म |
| प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय | २०८२ असोज २ गते विहान ११:३० बजेदेखि | २०८२ भाद्र ३० गते विहान ११:३० बजेदेखि |
| प्रवेश परीक्षा आवेदन शुल्क | रु. १०००।- | रु. १५००।- |
| प्रवेश परीक्षाको नतिजा प्रकाशन | २०८२ असोज ३ गते | २०८२ असोज १ गते |
| भर्ना अवधि | BCA शैक्षिक कार्यक्रमको हकमा प्रवेश परीक्षाको नतिजामा उल्लेख भए अनुसार र BA शैक्षिक कार्यक्रमको हकमा २०८२ कार्तिक १६ गतेसम्म | |
| अभिमुखीकरण कार्यक्रम | २०८२ कार्तिक १२ गतेदेखि १६ गतेसम्म सम्बन्धित विभाग क्याम्पसले तोकेको मितिमा | |
| कक्षा सञ्चालन | २०८२ कार्तिक १७ गतेदेखि | |
| भर्नाका लागि न्यूनतम शैक्षिक योग्यता | BCA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा D ग्रेड सहित न्यूनतम १.८ CGPA प्राप्त गरेको (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पूर्वको नतिजा अनुसार C ग्रेड सहित न्यूनतम २ CGPA प्राप्त गरेको), प्रविणता प्रमाणपत्र तहको हकमा न्यूनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको। BA शैक्षिक कार्यक्रमका लागि कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको। | |

*पुनश्च : कक्षा १२ को पुरक परीक्षामा सहभागी हुने विद्यार्थीहरू समेत भर्नाको समयमा न्युनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा BA शैक्षिक कार्यक्रम अन्तर्गत प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन्। थप जानकारीका लागि मानविकी तथा सामाजिकशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर/विश्वविद्यालयका आंगिक क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ।*

प्रा. डा. राजेन्द्र प्रसाद भट्ट
डीन

# कार्की आज सिंहदरबार प्रवेश गर्ने, कस्तो रह्यो पहिलो महिला प्रधानमन्त्रीको पहिलो दिन ?

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २८ भदौ**

प्रधानमन्त्री सुशीला कार्की आज सिंहदरबार प्रवेश गर्ने भएकी छन्। उनी आज बिहान ११ बजे कार्यकक्ष प्रवेश गरी कार्यालयको काम सम्हाल्ने तयारी भएको छ।

गृह मन्त्रालयका लागि बनाइएको नयाँ भवनमा उनले कार्यभार सम्हाल्नेछिन्।

शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष एक समारोहका बीच पथ ग्रहण गरेर राति अबेर बालुवाटार फर्किएकी उनी शनिबार बिहान सबेरैदेखि राजकाजमा सक्रिय भइन्।

उनले शनिबार बिहानै जेनजी आन्दोलनका क्रममा ज्यान गुमाउनेहरुको शव व्यवस्थापन र पीडित परिवारलाई तत्काल राहतका विषयमा सरकारी अधिकारीहरुसँग छलफल गरिन्। त्यस्तै क्षतिग्रस्त संरचनाहरुको विवरण लिइन्। र, आगामी व्यवस्थापनका विषयमा गरिएका तयारीबारे पनि जानकारी लिइन्।

मुख्यसचिव एकनारायण अर्याल, प्रधानसेनापति अशोकराज सिग्देल, गृह मन्त्रालयका सचिव गोकर्णमणि दुवाडी, अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्यायलगायतलाई बालुवाटारमै बोलाइन्। शान्ति सुरक्षा, अर्थतन्त्र र सरकारी कोषको अवस्थाबारे पनि जानकारी लिइन्। अनि कतै पनि सरकारविहीनताको अवस्था हुन नदिन सबैलाई निर्देशन दिइन्।

दिउँसो उनी विभिन्न अस्पतालमा रहेका आन्दोलनका घाइते तथा प्रहरी कर्मचारीको अवस्था बुझ्न निस्किइन्। राष्ट्रिय ट्रमा सेन्टर, निजामती कर्मचारी अस्पताललगायत विभिन्न अस्पतालमा रहेका घाइतेको अवस्था बुझिन्। प्रत्येक घाइतेको



स्वास्थ्य अवस्था मात्र बुझिनन्, उनीहरुको कुरा पनि सुनिन्। त्यसक्रममा उनले घाइतेलाई शान्त्वना दिइन्। भएको क्षतिप्रति दुःख व्यक्त गरिन्। अनि जेनजी आन्दोलनका लागि ज्यानको बलिदानी दिन मैदानमा उत्रिएका प्रत्येक युवाको भावनाभन्दा बाहिर नजाने वाचा गरिन्।

घाइतेहरुले कार्कीलाई पहिलो महिला प्रधानमन्त्री भएर जसरी इतिहासमा नाम लिएको छ, त्यसै गरी जेनजीको भावनाअनुसार काम गरी अर्को इतिहास रच्न शुभकामना दिए।

'आन्दोलनले जुन जिम्मेवारी र म्यान्डेट दिएको छ, त्यो पूरा गरेर इतिहासमा स्वर्णिम अक्षरले नाम लेखिने गरी काम गर्न सफलता मिलोस्, हाम्रो शुभकामना छ,' ट्रमा सेन्टरको शय्याबाट एक जना घाइतेले भने। जवाफमा प्रधानमन्त्री कार्कीले भनिन्, 'अहिले मलाई कसैले बधाइ नभनोस्। मेरो कार्यकाल सकिएको भोलिपल्ट मात्र कामका आधारमा मूल्यांकन होस्।' घाइतेले भने, 'तीन करोड नेपालीको आमा र अभिभावकका रुपमा काम गर्नुहोला।'

*कार्कीले भनिन्, 'तपाईं पनि मेरो छोरा हो।*

अस्पतालबाट उनी प्रदर्शनकारीले तोडफोड र आगजनी गरिदिएको कोटेश्वर प्रहरी प्रभाग र महराजगन्ज प्रहरी वृत्तमा गएर प्रहरी कर्मचारीका पीडा सुनिन्। भदौ २४ गतेको प्रदर्शनका दौरान कोटेश्वरमा दुई र महाराजगन्जमा एक जना प्रहरी कर्मचारीले ज्यान गुमाएका थिए।

त्यहाँबाट बालुवाटारस्थित निवासमा फर्किएर उनले फेरि विभिन्न पक्षसँग भेटघाट र परामर्शको क्रमलाई निरन्तरता दिइन्। केहीबेर अघिसम्म पनि उनी छलफलमै व्यस्त थिइन्।

# घोषित मितिमै निर्वाचन सम्पन्न गराउन सबैमा राष्ट्रपतिको अपील

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २८ भदौ**

राष्ट्रपति रामचन्द्र पौडेलले कठिन परिस्थितिमा शान्तिपूर्ण निकास निस्किएको भन्दै घोषित चुनाव सम्पन्न गराउन सबैलाई अपील गरेका छन्।

साथै राष्ट्रपति पौडेलले संविधान, संसदीय प्रणाली र संघीय गणतन्त्र कायम भएको उल्लेख भएको गरेका छन्।

शनिबार एक वक्तव्य जारी गर्दै राष्ट्रपति पौडेलले भनेका छन्, 'बडो जुक्तिले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैंमा आगामी फागुन २१ गते हुने चुनाव सम्पन्न गराउने काममा सहयोग गर्न म सबै पक्षलाई हार्दिक अपील गर्दछु।' ६ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी अझ उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर उनले उल्लेख गरेका छन्।

शुक्रबार राष्ट्रपति पौडेलले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई ६ महिनाभित्र चुनाव गराउने म्यान्डेटसहित अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त गरेका थिए। लगत्तै शुक्रबार नै प्रधानमन्त्री कार्कीले राष्ट्रपति पौडेलबाट पद तथा गोपनीयताको सपथ लिएकी थिइन्।

प्रधानमन्त्रीमा नियुक्त भएलगत्तै कार्कीले गर `को प्रतिनिधि सभा बिघटनको सिफारिश राष्ट्रपति पौडेलले सदर गरेका थिए र फागुन २१ मा प्रतिनिधि सभा निर्वाचनको मिति तोकेका थिए।

प्रतिनिधि बिघटन गर्ने निर्णयप्रति नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्रसहितका दलले विरोध जनाइरहेका छन्। साथै उनीहरूले प्रतिनिधिसभा विघटनको निर्णय फिर्ताका लागि राष्ट्रपति समक्ष आग्रह गरेका छन्।

तर, शनिबार राष्ट्रपति पौडेलले परिस्थितिअनुरुप शान्तिपूर्ण निकास निस्किएको अवस्थामा प्रतिनिधि सभा विघटनको निर्णय स्वीकारेर निर्वाचन गराउन सबैलाई सहयोग गर्न अपील गरेका हुन्।

रमाईलो® तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

कुखुरा तथा मानिसमा लाग्ने बर्ड फ्लु (Avian Influenza–H1N1)

## रोग सम्बन्धि अत्यन्त जरुरी सूचना

छिमेकी राष्ट्र भारतका सिमावर्ती जिल्लाहरु उधमसिह नगर र बागेश्वरमा उच्च संक्रमण जोखिम भएको बर्ड फ्लु रोग फैलिएको भन्ने भारतिय सञ्चार माध्यमबाट जानकारीमा आएकोले कञ्चनपुर जिल्लाका पन्छीपालक कृषकहरुले उच्च सतर्कता अपनाउनु हुन हार्दिक अनुरोध छ।

**बर्ड फ्लु रोगका लक्षणहरु:**

– अत्याधिक धेरै संख्यामा कुखुराहरु मर्ने। – कुखुराको आँखा घाँटी वरिपरी सुन्निनु – आँखा र नाकबाट पानी चुहिनु – सिउर लोती र खुट्टा निलो हुनु। – श्वासप्रश्वासमा समस्या घाँटी घ्यार घ्यार गर्नु। – झोक्राउने दानापानी नखाने र अण्डा उत्पादन घट्ने।

माथि उल्लेखित लक्षणहरु देखा परेमा यथासिघ्र आफ्नो गाउँपालिका/नगर पालिकाको पशुपन्छी शाखामा वा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउनु हुन अनुरोध छ।

सुदुरपश्चिम प्रदेश सरकार भुमि व्यवस्था, कृषि तथा सहकार ी मन्त्रालय

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**


दिपायल,डोटी

आनन्द हॉसिपटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

डा. भावेश
M.B.B.S.,M.D.(Medicine)
Physician Fellowship in Echocardiology Fellowship in Diabetes & Endrocrinologyu, (जनरल मेडिसिन) हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ
प्रत्येक दिन

डा. कुलदिप
MBBS, MS (Surgery)
(जनरल एवं ल्याप्रोस्कोपि सर्जन)
प्रत्येक दिन




डा. अभिनव कुमार कटियार
M.B.B.S., D.D.V.L
( डर्मेटोलोजी)
छाला, रराैं, नङ, मुहासे, झाईया, सेतो दाग, कन्सलटेन्ट डर्मेटोलोजिष्ट एण्ड ट्राइकोलोजिष्ट रौं ट्रान्सप्लान्ट सर्जन एवं चर्म रोग, कुष्ठ एवं गुप्त रोग विशेषज्ञ
प्रत्येक मंगलबार

डा. योगेश नागेंदर
MBBS, MD,DM (Cardiology)
(वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको तेस्रो बिहीबार)

डा. गणेश बी. एल.
M.Ch (Neurosurgery)DELHI AIIMS (वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव)
(बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो बिहीबार)

चौबिसै घण्टा इमरजेन्सी सुविधा

सुविधाहरु: I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाइपेप,सी.पेप,भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि।
आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा।
लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रूपैया पनि स्वीकार गरिन्छ।
सम्पर्क स्थान: आनन्द हॉसिपटल एण्ड रिसर्च सेन्टर
सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५

# हार्दिक बधाई

मिति २०८२ भाद्र २१ गते निर्माण व्यवसायी कञ्चनपुरको १५ औं जिल्ला अधिवेशनबाट अध्यक्षमा **श्री पुष्पराज अवस्थी ज्यू** लगायतका सम्पूर्ण पदाधिकारी, सदस्य ज्यूहरूलाई बधाईका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।



पुष्पराज अवस्थी
अध्यक्ष



देव बहादुर चन्द
बरिष्ठ उपाध्यक्ष



यज्ञराज बैज
उपाध्यक्ष



देवी दत्त भट्ट
महासचिव



वृज किशोर चन्द
सचिव



तेज बहादुर चन्द
कोषाध्यक्ष



हेम बहादुर महरा
सह–कोषाध्यक्ष



दिपक कार्की (दिपिन)
सदस्य



नविन चन्द
सदस्य



चन्द्र सिंह कार्की
सदस्य



गणेश सुवेदी
सदस्य



मनिराज रेग्मी
सदस्य



सन्तोष खत्री
सदस्य



महेश जोशी
सदस्य

**दामोदर महरा / सञ्चालक**

**एवं**

## महरा निर्माण सेवा प्रा. लि. परिवार

**महेन्द्रनगर, कञ्चनपुर**

